नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने (७५ प्रतिशत) शिक्षक बढुवाको विज्ञापन -२०८१

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०४/३२ गते )**

नेपालभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार देहायका जिल्ला, तह र श्रेणीमा रिक्त रहेका शिक्षक पदहरुमा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकाले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २७ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले यस आयोगबाट निर्धारित दरखास्त फाराम भरी सम्बन्धित जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइमार्फत दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | जिल्ला | वि.नं. १/८१/८२ प्राथमिक द्वितीय पदसङ्ख्या | वि.नं. २/८१/८२ प्राथमिक प्रथम पदसङ्ख्या | वि.नं. ३/८१/८२ नि.मा. द्वितीय पदसङ्ख्या | वि.नं. ४/८१/८२ नि.मा. प्रथम पदसङ्ख्या | वि.नं. ५/८१/८२ मा. द्वितीय पदसङ्ख्या | वि.नं. ६/८१/८२ मा. प्रथम पदसङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | १ | २ | २ | १ | २ | १ |
| २ | पाँचथर | १८ | ६ | २ | १ | ३ | ० |
| ३ | इलाम | १२ | ४ | ५ | ० | ३ | १ |
| ४ | झापा | ४८ | ६ | ५ | ० | ३ | १ |
| ५ | संखुवासभा | १९ | १ | ४ | २ | ६ | ० |
| ६ | तेह्रथुम | ६ | १ | ३ | १ | २ | १ |
| ७ | धनकुटा | २१ | ३ | ३ | ० | ३ | ० |
| ८ | भोजपुर | १७ | १ | २ | ० | २ | ० |
| ९ | मोरङ | ६ | १ | २ | १ | ६ | ० |
| १० | सुनसरी | १२ | २ | ३ | १ | ३ | ० |
| ११ | सोलुखुम्बु | १७ | २ | ४ | ० | ३ | १ |
| १२ | खोटाङ | २६ | ५ | ४ | १ | १ | ० |
| १३ | ओखलढुंगा | ३६ | ३ | ९ | १ | १ | ० |
| १४ | उदयपुर | ६ | १ | ० | ० | २ | ० |
| १५ | सप्तरी | ६ | ३ | २ | ० | ० | ० |
| १६ | सिराहा | ९ | ६ | २ | ० | १ | ० |
| १७ | दोलखा | १२ | ० | ० | ० | २ | १ |
| १८ | रामेछाप | १६ | ३ | २ | ० | १ | १ |
| १९ | सिन्धुली | १६ | १ | ४ | ० | ३ | ० |
| २० | धनुषा | १४ | १ | ० | ० | २ | ० |
| २१ | महोत्तरी | ६ | ३ | १ | १ | ४ | ० |
| २२ | सर्लाही | ९ | ४ | ४ | २ | ५ | १ |
| २३ | सिन्धुपाल्चोक | १४ | २ | २ | १ | १ | ० |
| २४ | रसुवा | ५ | ० | ३ | ० | ० | ० |
| २५ | नुवाकोट | १९ | १ | ३ | ० | ३ | २ |
| २६ | धादिङ | ३४ | ५ | ६ | १ | ३ | १ |
| २७ | काभ्रेपलाङचोक | २० | ९ | ८ | १ | १५ | २ |
| २८ | भक्तपुर | ० | १ | १ | ० | ३ | २ |
| २९ | काठमाडौं | ३३ | ० | १० | १ | ६ | २ |
| ३० | ललितपुर | १५ | ० | २ | १ | ७ | १ |
| ३१ | मकवानपुर | १३ | ३ | २ | ० | ४ | १ |
| ३२ | चितवन | १७ | ३ | ५ | ० | ३ | २ |
| ३३ | रौतहट | ११ | ३ | ४ | २ | ४ | १ |
| ३४ | बारा | १० | ३ | १ | २ | २ | ० |
| ३५ | पर्सा | ११ | ५ | ३ | १ | ४ | १ |
| ३६ | गोरखा | ३० | ९ | ३ | ० | ८ | १ |
| ३७ | मनाङ | ० | ० | ० | ० | ० | ० |
| ३८ | लमजुङ | ० | ७ | ३ | ० | ५ | १ |
| ३९ | कास्की | ८ | ८ | ० | ० | १३ | १ |
| ४० | तनहुँ | २२ | ३ | ३ | १ | १ | ० |
| ४१ | स्याङ्जा | ४३ | ७ | १२ | ० | ९ | १ |
| ४२ | नवलपरासी | २७ | २ | ११ | ० | २ | १ |
| ४३ | पाल्पा | ५३ | १३ | १२ | ० | ९ | ३ |
| ४४ | गुल्मी | ३६ | ४ | ५ | २ | ४ | १ |
| ४५ | अर्घाखाँची | १५ | ३ | २ | ० | ६ | ० |
| ४६ | रूपन्देही | २३ | ३ | ५ | १ | ४ | ३ |
| ४७ | कपिलवस्तु | ६ | ७ | १ | ० | १ | १ |
| ४८ | मुस्ताङ | ५ | ० | १ | ० | ४ | ० |
| ४९ | म्याग्दी | १४ | २ | १ | ० | ३ | २ |
| ५० | बाग्लुङ | ३९ | ७ | ५ | १ | ३ | २ |
| ५१ | पर्वत | २२ | २ | ३ | ० | ७ | १ |
| ५२ | रूकुम | १७ | १ | २ | ० | २ | ० |
| ५३ | रोल्पा | १५ | ४ | ० | ० | ० | ० |
| ५४ | सल्यान | ११ | ४ | ३ | ० | ३ | ० |
| ५५ | प्यूठान | १३ | १ | ९ | ० | ५ | ० |
| ५६ | दाङ | १९ | ३ | ३ | १ | ० | ० |
| ५७ | हुम्ला | ३ | ० | ० | ० | १ | ० |
| ५८ | मुगु | २ | १ | ३ | ० | ० | ० |
| ५९ | डोल्पा | २ | १ | ० | १ | १ | ० |
| ६० | कालिकोट | ९ | १ | ३ | ० | ३ | १ |
| ६१ | जुम्ला | १४ | ० | ३ | १ | ३ | ० |
| ६२ | जाजरकोट | ४ | २ | ३ | ० | २ | ० |
| ६३ | दैलेख | १३ | २ | १ | ० | २ | ० |
| ६४ | सुर्खेत | ९ | ३ | ४ | १ | २ | १ |
| ६५ | बाँके | १३ | १ | ० | ० | १ | ० |
| ६६ | बर्दिया | ९ | ४ | ४ | २ | ५ | १ |
| ६७ | बाजुरा | ० | २ | २ | ० | ३ | ० |
| ६८ | बझाङ | ४ | २ | २ | ० | २ | ० |
| ६९ | अछाम | ४ | २ | ० | ० | १ | १ |
| ७० | डोटी | ७ | २ | ० | ० | २ | ० |
| ७१ | कैलाली | ११ | १ | १ | १ | २ | ० |
| ७२ | दार्चुला | १५ | २ | २ | ० | ३ | २ |
| ७३ | बैतडी | ९ | २ | १ | १ | २ | २ |
| ७४ | डडेल्धुरा | ६ | १ | १ | ० | २ | ० |
| ७५ | कञ्चनपुर | ३ | ४ | ३ | १ | ० | २ |
| ७६ | नवलपरासी पूर्व | ७३ | ६ | ४ | ० | ४ | ० |
| ७७ | रूकुम पूर्व | ७ | ० | ० | ० | १ | ० |
| कुल जम्मा | | ११७० | २२३ | २३४ | ३६ | २४४ | ५१ |

### १. उम्मेदवार हुनका लागि न्यूनतम योग्यता

मिति २०८० चैत्र मसान्तसम्म सम्बन्धित तहको श्रेणीमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्ने छ। तर देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवाका लागि उम्मेदवार हुन पाउने छैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर।

(ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर।

(ग) तल्लो पदमा घटुवा गरिएकोमा घटुवा भएको मितिले दुई वर्षसम्म।

१

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर

उप-सचिव

शिक्षक सेवा आयोग

(घ) तलव वृद्धि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एक वर्षसम्म। तर गयल भएको वा असाधारण बिदा लिएको भए सो अवधि कट्टा गरी कम्तीमा पाँच शैक्षिक सत्र पूरा भएको हुनुपर्नेछ।

**२. दरखास्त साथ अनिवार्य रुपमा संलग्न हुनुपर्ने प्रमाणित कागजातहरु**

(क) सम्बन्धित तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट)को प्रतिलिपि।

(ख) तोकिएको न्यूनतम योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता भए सो को लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट)को प्रतिलिपि।

(ग) विदेशी शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

(घ) स्थायी नियुक्तिपत्रको प्रतिलिपि।

(ङ) बढुवा भएको भए बढुवा नियुक्तिपत्रको प्रतिलिपि।

(च) सम्बन्धित तह र श्रेणीमा सेवा गरेको, गयल भएको वा असाधारण विदा वा वेतलवी विदा लिए/नलिएको, बढुवाको सम्भाव्य उम्मेदवार हुन असर पर्ने कुनै कारवाही नभएको व्यहोरासम्बन्धी यस आयोगको वेवसाइटमा रहेको शिक्षण अनुभव/सेवा प्रमाणित फाराममा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ वा सम्बन्धित पालिकाबाट प्रमाणित पत्र।

(छ) १० महिने तालिम र टि.पि.डि. तालिमसम्बन्धी प्रमाणपत्रहरु।

(ज) द्वितीय श्रेणीमा बढुवाका लागि उम्मेदवार हुनेहरुले अस्थायी सेवा गरेको भए सो को नियुक्तिपत्र र सेवा निरन्तरता सिफारिस पत्र।

(झ) उच्च प्राथमिक शिक्षक तथा प्राथमिक शिक्षक द्वितीय श्रेणीबाट निम्नमाध्यमिक शिक्षक तृतीय श्रेणीमा र निम्नमाध्यमिक द्वितीय श्रेणीबाट माध्यमिक शिक्षक तृतीय श्रेणीमा पदस्थापन भएको भए सो को प्रमाणित प्रतिलिपि।

(ञ) दलित र अपाङ्गता भएका उम्मेदवारले सो सम्बन्धी आधिकारिक निकायबाट प्रमाणित पत्र।

ट) उपर्युक्त कागजातहरू उम्मेदवार स्वयम् प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(ठ) सम्बन्धित शिक्षकको विवरण स्पष्ट हुने (नाम, थर, तह, श्रेणी र साल) कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गरिएको (मूल्याङ्कन हुने कार्यसम्पादन मूल्याङ्कन फाराम पाँच वर्षको) दर्ता किताबको प्रधानाध्यापकबाट प्रमाणित प्रतिलिपि।

**३. दरखास्त दस्तुर**

| क्र.सं. | तह | परीक्षा दस्तुर(रू.) | | कैफियत |
|---|---|---|---|---|
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | परीक्षा दस्तुर सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको कोड एवम् खाता नं, यकिन गरी सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने बैंकमा राजस्व सङ्केत नं. १४२२४ मा जम्मा गरी सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ। |
| १. | प्राथमिक | १०००/- | ७००/- | |
| २. | निम्नमाध्यमिक | १२००/- | १०००/- | |
| ३. | माध्यमिक | १५००/- | १२००/- | |

**४. दरखास्त फाराम पेश गर्ने अन्तिम मिति:** २०८१/०६/०३ गतेसम्म। दरखास्त फाराम भर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट आवेदन दिन सकिने छ।

**५. थप जानकारी:**

(क) शिक्षक सेवा नियमावली, २०५७ को नियम ९ (७) बमोजिम नियुक्त भएका शिक्षकले सोही नियमको उपनियम ८ र ९ बमोजिम शिक्षा विषयमा कम्तीमा १० महिना वा सो सरहको तालिम नलिएको भए यस विज्ञापनमा उम्मेदवार हुन सक्ने छैनन्।

(ख) शिक्षक बढुवाको प्रतिस्पर्धा सम्बन्धित जिल्लास्तरमा हुनेछ।

(ग) नोकरीको जेष्ठता २०८० चैत्र मसान्तसम्म र शैक्षिक योग्यता तथा तालिमको अङ्क गणना दरखास्त दिने अन्तिम सम्म मात्र हुनेछ।

(घ) शिक्षक सेवा आयोगको वेबसाइटमा रहेको उम्मेदवारले पेश गर्नुपर्ने कागजातको सिलसिलेवार सूचीबमोजिम कागजात मिलाई पेश गर्नुपर्नेछ।

**पुनश्च:**

१. उम्मेदवारले पेश गर्नुपर्ने कागजातको सिलसिलेवार सूची डाउनलोड गर्नका लागि तल दिइएको QR Code लाई Scan गर्नुहोस्।

२. शिक्षण अनुभव तथा सेवा अविछिन्नसम्बन्धी फाराम डाउनलोड गर्नका लागि तल दिइएको QR Code लाई Scan गर्न सकिनेछ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

उप-सचिव